का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ चैत २०७९,
शुक्रबार
7 April 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक ७२ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



## सरकारको साझा न्यूनतम कार्यक्रम
# फेरियो सत्ता समीकरण, फेरिएन प्राथमिकता



शेरबहादुर देउवा नेतृत्वको सरकारको पालामा बनेको र अघिल्लो गठबन्धनले बनाएको न्यूनतम साझा कार्यक्रमका राम्रा विषयलाई विकसित र परिमार्जित गरेर ल्याइएको छ । यसकारण साझा न्यूनतम कार्यक्रम राष्ट्रिय सहमतिकै कार्यक्रम हो ।

● **प्रचण्ड**
**प्रधानमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

सरकारले प्राथमिकता र साझा न्यूनतम कार्यक्रम सार्वजनिक गरेको छ । नेकपा एमाले र राप्रपासहितको गठबन्धन फेरेर नेपाली कांग्रेससहितको नयाँ समीकरण बनेपछि सरकारले सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम सार्वजनिक गरेको हो ।

१० पुसमा नेकपा एमाले र राप्रपासहितका पाँच दलको समर्थनमा पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बनेका थिए । सरकार बनेपछि एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार सञ्चालन समन्वय समिति बनेको थियो । ओली नेतृत्वको संयन्त्रले तत्कालीन सरकारको साझा न्यूनतम कार्यक्रम तय गरेको थियो । तर, यसबीचमा प्रधानमन्त्रीमा प्रचण्ड कायमै छन् । तर, उनलाई समर्थन गर्ने दलहरु फेरिएका छन् । सत्ता समीकरण, फेरिए पनि प्रचण्ड नेतृत्वको सरकारले नयाँ समीकरण अनुसार सार्वजनिक गरेको नयाँ प्राथमिकता र साझा न्यूनतम कार्यक्रम एमाले सहितको सत्ता समीकरण हुँदा सार्वजनिक गरेका अधिकांश प्राथमिकतासँग मिल्दाजुल्दा छन् ।

सत्ता गठबन्धनले शान्ति प्रक्रियाका बाँकी कामलाई तत्काल पूर्णता दिनेलगायतका विषयलाई प्रमुख प्राथमिकतामा राखेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड लगायत शीर्ष नेताहरूको उपस्थितिमा सदाचार, सुशासन तथा आर्थिक विकासलाई ध्यानमा राखिएको साझा कार्यक्रम सार्वजनिक गरिएको हो ।

संयुक्त सरकारका प्राथमिकतामा विभिन्न नौ बुँदा समेटिएको छ । जहाँ संविधानको रक्षा र आवश्यकतानुसार परिमार्जन/विकास गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र संघीयता कार्यान्वयन गर्ने विषयलाई प्रमुख प्राथमिकतामा राखिएको छ । देशको अर्थतन्त्र रूपान्तरण र सुदृढ गर्न नीतिगत, संरचनागत तथा कार्यगत सुधार गर्ने विषयलाई उत्तिकै महत्त्व दिएको सरकारले समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय सबै प्रकारका विभेदहरूको अन्त्य गरी समता, स्वतन्त्रता एवं

»» पृष्ठ २ मा




संविधानको रक्षा र आवश्यकताअनुसार परिमार्जन/विकास गर्ने, संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र संघीयता कार्यान्वयन गर्ने जस्ता विषयलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

# सीमा समस्या समाधान गर्ने बाचा




सरकारले सीमा समस्या समाधान गर्ने प्रतिवद्धता जनाएको छ । सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम सार्वजनिक गर्दै सरकारले लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका क्षेत्रमा रहेका छिमेकी मुलुकहरूसँगको समाधान हुन बाँकी सीमासम्बन्धी समस्या कूटनीतिक माध्यमबाट समाधान गर्ने प्रतिवद्धता जनाएको हो ।

सीमाको प्रभावकारी व्यवस्थापन र नियमनका लागि सीमा सुरक्षा चौकी (बिओपी) वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरिएे छ । सरकारको प्रवक्ता समेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र जनताको जीउधनको रक्षाको पूर्ण प्रत्याभूति हुने गरी राष्ट्रिय सुरक्षा नीतिलाई आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्ने बताएकी छन् ।

उनले भनेकी छन्, 'देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र जनताको जीउधनको रक्षाको पूर्ण प्रत्याभूति हुने गरी राष्ट्रिय सुरक्षा नीतिलाई आवश्यक परिमार्जन गरिनेछ ।' सरकारले राष्ट्रिय हित प्रतिकूल रहेका सन्धि सम्झौताहरूको पुनरावलोकन गर्ने र आवश्यकतानुसार नयाँ सन्धि सम्झौताहरू गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

सुरक्षा अंगको व्यावसायिकतामा जोड दिँदै मनोबल उच्च बनाउन आवश्यक साधन-स्रोत उपलब्ध गराउने वर्तमान सरकारको नीति छ । प्रविधिको उच्च विकाससँगै बढेको साइबर सुरक्षा, ऊर्जा सुरक्षालगायतका चुनौतीहरू सामना गर्न आवश्यक व्यवस्था गरिने मन्त्री शर्माले बताइन् । राष्ट्रिय सुरक्षा, समष्टिगत अर्थनीति एवं रणनीतिक महत्वका आधारभूत विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्ने सरकारले जनाएको छ ।

# विदेशमा रहेका नेपालीलाई मताधिकार

सरकारले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न कानुन बनाउने बाचा गरेको छ ।

सञ्चारमन्त्री रेखा शर्माले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्थासहितको निर्वाचन ऐन तर्जुमा गरिने बताइन् । हाल विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्था छैन । तर लामो समयदेखि विदेशमा रहेका नेपालीले पनि मतदान गर्न पाउनुपर्ने माग हुँदै आएको छ ।

## वैदेशिक रोजगार विशेष

# सरकारको न्यूनतम साझा कार्यक्रममा वैदेशिक रोजगार सुधारका सामान्य विषयमात्रै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत

सत्तारूढ गठबन्धनले सार्वजनिक गरेको न्यूनतम साझा कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रमा सुधारका सामान्य विषयलाई मात्रै समेटिएको छ । प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको १० दलीय गठबन्धनले संयुक्त सरकार सञ्चालनका लागि बिहीबार न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको हो ।

न्यूनतम साझा कार्यक्रममा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र पारदर्शी बनाउन तथा सेवाग्राहीलाई नजिकको स्थानबाट नै सेवा प्रदान गर्न प्रत्येक पालिकामा रहेका रोजगार सेवा केन्द्रमार्फत श्रम स्वीकृतिका लागि आवेदन दिने व्यवस्था मिलाउने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यसअघि सार्वजनिक गरेको कार्यक्रमलाई समेटिएको छ ।

न्यूनतम साझा कार्यक्रममा श्रमिकको समस्या हल गर्न मन्त्रालयमा भएको हटलाइन कल सेन्टरलाई प्रभावकारी बनाउने र मोबाइल एप्समार्फत निगरानी गर्ने व्यवस्था मिलाउने उल्लेख छ । हट लाइनको कार्यक्रम पनि मन्त्रालयको पुरानै कार्यक्रम हो ।

न्यूनतम साझा कार्यक्रमले नेपाली अर्थतन्त्र अत्यधिकरूपमा विप्रेषणमा निर्भर रहेको भन्दै उत्पादनशील अर्थतन्त्रमा रूपान्तरण गर्न औद्योगीकरणलाई उच्च प्राथमिकता दिने योजना अघि सारेको छ । तर कार्यक्रममा त्यसको ठोस् योजना भने समावेश गरिएको छैन ।

त्यसैगरी कार्यक्रमले श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक जोखिमलाई न्यूनीकरण गर्ने सामाजिक सुरक्षा कार्यक्रमलाई अर्थतन्त्रका औपचारिक क्षेत्रका अतिरिक्त

»» पृष्ठ २ मा

# सवारी दुर्घटनामा ५ को मृत्यु



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

रामेछाप र कैलालीमा भएको सवारी दुर्घटनामा ५ जनाको मृत्यु भएको छ । रामेछापको मन्थली नगरपालिका-७ को कौछिनी मगर गाउँ नजिक जिप दुर्घटना हुँदा चार जनाको निधन भएको प्रहरीले जनाएको छ । दुर्घटनामा ९ जना घाइते भएका छन् ।

मन्थली-७ स्थित कौछिनीतर्फ जाँदै गरेको वा ११ च ५५३ नं को बलेरो सडकबाट करिब एक यस मिटर तल झरेको थियो ।

मृत्यु हुनेमा मन्थली नपा-७ की ८२ वर्षीया नन्दमाया भण्डारी, सोही वडाकी ५५ वर्षकी ज्ञानदानी तामाङ, ६८ वर्षका जेनसुन

»» पृष्ठ २ मा

## पूराना सवारी

# हटाउने निर्णय हुन्छ, कार्यान्वयन हुँदैन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

सरकारले २० वर्ष पुगेका सावर्जनिक सवारीसाधन सडकमा चल्न नदिने निर्णय गरेको ६ वर्ष बितिसक्दा समेत निर्वाध रुपमा पुरानासवारीसाधन सडकमा गुडिरहेका छन् । यातायात उद्योगी, व्यवसायीले मात्रै होईन, कतिपय सरकारी संस्था र काठमाडौं महानगर समेतले २० वर्ष पुराना सवारीसाधन सञ्चालनमा ल्याईरहेका छन् । समयावधि कटिसकेका सार्वजनिक सवारीलाई कवाडीमा बिक्री गर्ने अटेर गरेर गुडे ठूलो जरिवानासहित कारवाहीको भागिदार गराउने सरकारको तयारी भएपनि ७ वर्ष बितिसक्दा समेत सो विषय लागू हुन सकेको छैन । त्यस्ता सार्वजनिक सवारीको प्राविधिक परीक्षण नगरि सवारीको नामसारी विक्री वितरणमा पनि प्रतिवन्ध लगाइउने विषय अझै अन्यौलमै परेको छ ।

'खरिद गर्दा र रुट इजाजत लिँदा २० वर्ष पुगेका सवारी दर्ता खारेजी हुने निर्णय २०७१ सालमै भएको हो, यो विषयमा यातायात विभाग प्रतिबद्ध छ' यातायात विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले भने । उनले पुराना सवारीबाट प्रदूषण बढी हुने, दुर्घटनाको जोखिम बढ्ने लगायतका समस्याले उक्त निर्णय लागू भएको बताएका हुन् ।

सरकारले २०७१ असोजदेखि सार्वजनिक सवारी साधनमा २० वर्षे हदम्यादको नीति लागू गरेको थियो । पछि सो अवधिलाई बढाएर २०७३ फागुनदेखि यो नीति कार्यान्वयन गर्ने निर्णय गरेको थियो । तर, काठमाडौं महानगरले नै सरकारको निर्णयको वेवास्ता गर्दै पुराना जिप र गाडी सञ्चालमा ल्याईरहेको छ । जसमा ३० वर्षभन्दा पुराना तीनवटा जिप, २० वर्ष पुराना १० वटा टाटा मोबाइल, चारवटा भ्यान, एउटा जिप, एउटा ल्यान्डक्रुजर गाडी रहेको छन् । जसको प्रयोग महानगरका विभिन्न निकाय र कर्मचारीले गर्दै आएका छन् । एक तथ्यांक अनुसार अहिले

»» पृष्ठ २ मा

# निर्वाचन आचारसंहिता लागू

मध्यान्ह संवाददाता
काठमाडौं, २३ चैत

निर्वाचन आयोगले उपनिर्वाचनका लागि आचारसंहिता लागू गरेको छ । आयोगले चितवन, बारा र तनहुँ जिल्लाभर शुक्राबरबाट निर्वाचन सम्पन्न नभएसम्मका लागि निर्वाचन आचारसंहिता, २०७९ लागू गरेको हो । निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शुक्रबारदेखि आचारसंहिता लागू गर्ने निर्णय गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । आगामी वैशाख १० गते चितवन क्षेत्र नं २, बारा क्षेत्र नं २ र तनहुँ क्षेत्र नं १ मा उपनिर्वाचन हुँदैछ ।

संघीय सरकार र सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेशका मन्त्री, संवैधानिक निकाय र सो निकायका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारीलाई आचारसंहिता लाग्ने आयोगले जनाएको छ ।

यस्तै सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मीलगायतले आचारसंहिताको पालना गर्नुपर्ने आयोगले स्पष्ट पारेको छ ।



निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, र वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदारलाई आचारसंहिता लाग्ने प्रवक्ता पौडेलले जानकारी दिए ।

आचारसंहिता अवधिभर तोकिएका निकाय, अधिकारी तथा व्यक्तिले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन, वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रम घोषणा गर्न, स्वीकृति गर्न वा सञ्चालन गर्न, कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने, कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न वा त्यस्ता पदमा नियुक्त गर्न नहुने आचारसंहितामा उल्लेख छ ।

आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन

निर्वाचन आयोगमा रहेको केन्द्रीय आचारसंहिता अनुगमन समितिको बिहीबारको बैठकले बारा, तनहुँ र चितवनमा आगामी वैशाख १० गते आइतबार हुने प्रतिनिधि सभा सदस्यको उपनिर्वाचनका लागि जारी भएको निर्वाचन आचारसंहिता, २०७९ को प्रभावकारी कार्यान्वयन गर्न/गराउन नेपाल सरकार र सम्बन्धित निकायलाई निर्देशन दिएको छ । समितिले आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्न/गराउन गृह मन्त्रालयमार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय एवं सम्बन्धित जिल्ला आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरेको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए ।

बैठकले बारा क्षेत्र नं २, तनहुँ क्षेत्र नं १ र चितवन क्षेत्र नं २ मा उम्मेदवारले खर्च गर्न पाउने निर्धारित अधिकतम खर्चको हदभित्र रही खर्च गरे नगरेको समेतका विषयमा सुक्ष्म निगरानी गरी सोको जानकारी आवश्यकताअनुसार लिखित एवं मौखिक रुपमा आयोगलाई गराउन मुख्य निर्वाचन अधिकृतको कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान विभागको जिल्लास्थित कार्यालय र जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ ।

समितिले निर्वाचन आचारसंहिता, २०७९ उल्लङ्घन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले लिखित, मौखिक, सामाजिक सञ्जाल, विद्युतीय माध्यमबाट आधार र कारण खुलाइ सोसम्बन्धी प्रमाण सङ्लग्न गरी आयोग, केन्द्रीय आचारसंहिता अनुगमन समिति, सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय, सम्बन्धित जिल्ला निर्वाचन कार्यालय वा जिल्ला आचारसंहिता अनुगमन समिति समक्ष उजुरी दिन सबै सरोकारवालालाई आह्वान गरेको छ ।

यसैगरी बैठकले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रुपमा सम्पन्न गर्न सामाजिक सञ्जालको उपयोगको विषयमा विशेष सतर्कता अपनाउन निर्वाचनलाई प्रभाव पार्ने गरी गलत, भ्रामक र द्वेषपूर्ण सूचना प्रवाह नगर्न, कसैको चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानी हुने वा यस्तै किसिमका सामग्री उत्पादन, प्रकाशन र प्रसारण नगर्न/नगराउन तथा यस्ता सामग्रीमा शेयर, लाइक वा कमेन्ट गर्ने जस्ता कार्य नगर्न/नगराउन स्वदेश तथा विदेशमा रहेका सबै सामाजिक सञ्जाल प्रयोगकर्तालाई आह्वान गर्ने निर्णय गरेको छ ।

बैठकमा गत मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मा निर्वाचन आचारसंहिता उल्लङ्घन भएका एक सस ३० उजुरी परेकामा ४४ उजुरी उपर कारबाही भई आचारसंहिता उल्लङ्घनकर्तामध्ये २० जनालाई जरिबाना गरिएको र अन्य सरोकारवाला कर्मचारीबाट आचारसंहिता उल्लङ्घन भएकामा कारबाही हुने ठहर गरी कतिपयलाई सचेत गराइएको विषय जानकारी गराइएको थियो ।

# वडामै पुगेर योजना सम्झौता

देवराज सुवेदी/मध्यान्ह
सिन्धुपाल्चोक, २३ चैत



हिउँदे अधिवेशनबाट छनोट भएका योजनाको वडामै पुगरे उपभोक्ता समिति दर्ता तथा योजना सम्झौता हुन थालेपछि स्थानीयले गाउँमै सिंहदरबार आएको महसुस गर्न थालेका छन् ।

मेलम्ची नगरपालिकाले स्थानीयको समस्यालाई मध्यनजर गर्दै योजना वडास्तरमा नै सम्झौता थालेको हो । नगरपालिकाले वडा नं १, २, ३ र ५ का योजनाको नगरबाट सम्बन्धित वडा कार्यालयमै पुगेर अनलाइन प्रणालीबाट उपभोक्ता समिति दर्ता तथा योजना सम्झौता गर्ने कार्य सम्पन्न भएको योजना शाखाका प्रमुख रामकुमार केसीले जानकारी दिए । नगरपालिकाले योजना सम्झौता हुनुभन्दा अगाडि १३ वटै वडामा गएर उपभोक्ता समितिलाई अनुशिक्षण कार्यक्रम समपन्न गरिसकेको छ ।

स्थानीयलाई पालिका केन्द्रसम्म धाउन सास्ती हुने भन्दै जनप्रतिनिधि र कर्मचारीको टोलीले वडामा पुगेर योजना सम्झौता गरेको वडा नं १ का वडाध्यक्ष कृष्णमुरारी चौलागाईंले जानकारी दिए । उपभोक्ता समितिका तीन जना मुख्य पदाधिकारी नगरमै आएर सम्झौता गर्नुपर्नेमा यसरी टाढाको दूरीमा रहेकालाई वडामै गएर सम्झौता गर्दा उपभोक्ता समितिलाई सहज हुनुका साथै पालिकासम्म आउने खर्चसमेत कम हुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृतकुमार धितालले जानकारी दिए ।

समयमै एकमुष्ट सबै योजना सम्झौता गरिँदा योजनाको काम पनि समयमै सम्पन्न हुने गरेको स्थानीयको भनाइ छ । अनलाइन प्रणालीबाट योजना सम्झौता हुने हुँदा पहिलाको जस्तो झन्झटिलोसमेत नहुने योजना शाखाका कर्मचारी माया खड्काले बताए । यसअघि १२औं अधिवेशनबाट विनियोजित योजना पनि नगरबाट टाढाको दूरीमा रहेका वडा कार्यालयमा पुगेर नै योजना सम्झौता गरिएको नगर उपप्रमुख उमा प्रधानको भनाइ छ ।

यसले योजना कार्यान्वयनमा सहजता भएको उनको भनाइ छ । उपभोक्ताको सहजताका लागि वडा-वडामै पुगेर योजना सम्झौताको काम गरेको नगरपालिकाका प्रमुख आइतमान तामाङले बताए । नगरवासीको सहजताका लागि आगामी दिनमा समेत प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने उनले जानकारी दिए ।

# विपद् व्यवस्थापनको पूर्वतयारीमा जुट्न ध्यानाकर्षण



**काठमाडौं/मस-** नेकपा (एकीकृत समाजवादी) अन्तर्गतको विपद् व्यवस्थापन विभागले विपद् व्यवस्थापनको पूर्वतयारीमा जुट्न सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण गराएको छ । बिहीबार पार्टीको केन्द्रीय कार्यालयमा विभागका प्रमुख डा. गङ्गालाल तुलाधरको अध्यक्षतामा बसेको बैठकले सबै तहका सरकारलाई मनसुन पूर्वतयारी र सतर्कता अपनाउन ध्यानाकर्षण गराएको हो ।

वर्षात्को समयमा बाढी-पहिराले धनजनको क्षति हुने, यातायात अवरुद्धजस्ता कारण औषधिलगायत दैनिक उपभोगका अत्यावश्यक सामग्रीको अभाव हुने भन्दै बेलैमा त्यसप्रति चनाखो र सचेत भई आवश्यक भण्डारण गर्न पूर्वसूचना प्रणालीलाई विशेष जोड दिन, पूर्वसूचना प्रणाली राडर राख्न तथा भइरहेका त्यस्ता उपकरणको अपडेट गर्न सम्बन्धित सरोकारवालालाई सचेत गराइएको विभागका प्रमुख डा. तुलाधरले बताए ।

बैठकले आगामी बैठकमा विपद् पूर्वतयारी जोखिम न्यूनीकरणलाई विशेष प्राथमिकताका साथ बजेटिङ गर्न तीनै तहका सरकारलाई प्रतिबद्धता जाहेर गर्न सहकार्य र समन्वय गर्न माग गरेको छ ।

राजनीतिक दलले पनि राजनीतिभन्दा माथि उठेर जीउधनको सुरक्षा र भौतिक क्षति न्यूनीकरण गर्ने गरी विभागको सक्रियतामा पार्टीका तर्फबाट प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम पनि तय भएको तुलाधरले बताए । उनकाअनुसार बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई समेत स्रोत साधनसहित सबलीकरण गर्दै अगाडि बढ्न सुझाएको छ ।

## सरकारको...

न्यायमा आधारित सामाजिक व्यवस्था निर्माण गर्ने भएको छ ।

तत्कालीन सरकार र नेकपा (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौताको बाँकी काम तथा तराई मधेशलगायतका आन्दोलनका क्रममा भएका सहमति तथा सम्झौतालाई तदारुकताका साथ कार्यान्वयन गर्ने सामूहिक प्रतिबद्धता व्यक्त गरिएको छ । गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचारको प्रत्याभूति हुने गरी शासकीय सुधार गर्ने, भ्रष्टाचारको छानबीन गरी कडा कारबाही गर्ने विषयलाई प्राथमिकतामा राखेको सरकारले उत्पादनमुखी अर्थतन्त्र, आपूर्ति व्यवस्थामा सुधार तथा समन्यायिक वितरणको व्यवस्था गर्ने भएको छ ।

खर्च कटौती र प्रशासनिक झमेलाको अन्त्यका लागि सार्वजनिक प्रशासन चुस्त दुरुस्त बनाउने, जलवायु परिवर्तन, जैविक विविधता ह्रास र वातावरणीय प्रदूषण जस्ता विश्वव्यापी सङ्कटले उत्पन्न गरेको जोखिम न्यूनीकरण गरी पर्यावरणीय सन्तुलन कायम गर्ने विषयलाई प्रमुख प्राथमिकतामा राखेको छ ।

राष्ट्रिय हितको रक्षा एवं जनताको समृद्धिका लागि स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने कामलाई पनि उत्तिकै प्राथमिकतामा राखेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बिहीबार सार्वजनिक सरकारको न्यूनतम साझा कार्यक्रम राष्ट्रिय सहमतिकै भएको दाबी गरेका छन् ।

न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दै प्रधानमन्त्री प्रचण्डले सरकारको न्यूनतम साझा कार्यक्रम राष्ट्रिय सहमतिकै भएको दाबी गरे । शेरबहादुर देउवा नेतृत्वको सरकारको पालामा बनेको र अघिल्लो गठबन्धनले बनाएको न्यूनतम साझा कार्यक्रमका राम्रा विषयलाई विकसित र परिमार्जित गरेर यो पटक ल्याएको बताए ।

न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दै प्रधानमन्त्री प्रचण्डले सरकारको न्यूनतम साझा कार्यक्रम राष्ट्रिय सहमतिकै भएको दाबी गरे । उनल भनेका छन्, 'शेरबहादुर देउवा नेतृत्वको सरकारको पालामा बनेको र अघिल्लो गठबन्धनले बनाएको न्यूनतम साझा कार्यक्रमका राम्रा विषयलाई विकसित र परिमार्जित गरेर ल्याइएको छ । यसकारण साझा न्यूनतम कार्यक्रम राष्ट्रिय सहमतिकै कार्यक्रम हो ।'

## सरकारको...

अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीका क्षेत्रमा विस्तार गर्ने लक्ष्य लिएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित वैदेशिक रोजगार व्यवसायीहरूले वर्तमान अवस्थामा वैदेशिक रोजगार बाध्यतात्मक अपरिहार्यता भएको अवस्थालाई सरकारले बुझ्नुपर्ने र समस्या समाधानमा सरकार अग्रसर हुनुपर्ने माग राख्दै आएका छन् ।

व्यवसायीहरुले प्रधानमन्त्रीदेखि अर्थशास्त्रीसम्मले सार्वजनिक भाषणमा रेमिट्यान्सको सूत्रधार वैदेशिक रोजगार व्यवसायी रहेको र वैदेशिक रोजगार देशको अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेको स्वीकार गरेको भएपनि व्यवहारमा सोअनुसारको कदम चाल्न हिचकिचाउने प्रवृत्ति रहेको टिप्पणी गर्दै आएका छन् ।

## सवारी...

तामाङ र सुनापति गाउँपालिका-१ गुन्सीकी आठ वर्षीया लाक्पा घिसिङ रहेका छन् ।

दुर्घटनामा परी घाइते भएकामध्ये चालकसहित दुईको अवस्था गम्भीर रहेको र उनीहरूको मन्थली अस्पताल र रामेछाप सामुदायिक अस्पतालमा उपचार भइरहेको छ । घुम्तीमा मोड्ने क्रममा ब्रेक नलागेपछि बलेरो कौछिनीको मगरगाँउ नजिकको सडकबाट बस खसेको प्रहरीको प्रारम्भिक अनुमान रहेको छ ।

यस्तै, कैलालीमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। चुरे गाउँपालिका ६ को बयला-डुग्रेनी सडकखण्डमा सुपप्र ०१००२ त ५२६९ नम्बरको ट्याक्टर दुर्घटना हुँदा चुरे गाउँपालिका ३ का ३८ वर्षीय दानबहादुर सिजालीको मृत्यु भएको हो ।

प्रदेश ट्राफिक प्रहरी कार्यालय अत्तरियाका अनुसार ट्याक्टर चालक सिजालीको दुर्घटनाग्रस्त ट्याक्टरको ट्रलीमा च्यापिएर मृत्यु भएको हो ।

# सिकारी सरदार वंशु गुरुङलाई राष्ट्रिय विभूति घोषणा गर्न माग

**काठमाडौं/मस-** वंशु (वंश)गुरुङ स्मृति प्रतिष्ठानले सिकारी सरदार वंशु गुरुङको योगदानलाई राष्ट्रले सम्मान गर्नुपर्नेमा जोड दिएको छ ।

तनहुँ क्षेत्र नम्बर २ का सांसद शङ्कर भण्डारीको नेतृत्वमा आएको उक्त प्रतिस्ठानको प्रतिनिधिमण्डलले बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ज्ञापनपत्र बुझाउँदै गुरुङलाई राष्ट्रिय विभूति घोषणा गर्न माग गरेको हो । प्रतिष्ठानले उनका नाममा हुलाक टिकट प्रकाशन गर्नसमेत माग गरेको छ ।

गुरुङले राष्ट्रका लागि पुऱ्याएको योगदानलाई इतिहासमा लिपिबद्ध गर्न पनि सरकारको ध्यानाकर्षण गराइएको सरदार गुरुङका छैटौं पुस्ताका लेख गुरुङले जानकारी दिए । शुक्लागण्डकीको तनहुँमा जन्मेका गुरुङलाई प्रख्यात सिकारीकारुपमा लिइने गरिएको छ । उनले वि.सं. १८२४ मा सिन्धुलीगढीको युद्धमा अङ्ग्रेजलाई परास्त गरेको र युद्धमा कहिले पनि नहारेको गुरुङले जानकारी दिए । सांसद भण्डारीले गुरुङलाई अहिलेसम्म राज्यका तर्फबाट कुनै पनि सम्मान नगरिएकाले अब यस विषयमा ध्यान दिन आफूहरुले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको बताए ।

## पूराना...

२० वर्ष पुराना २८ हजार र ३० वर्ष पुराना आठ हजार सवारीसाधन सडकमा गुड्ने गरेका छन् ।

'सडकको आयु निर्धारण नहुने देशमा २० वर्षे सवारी साधनको आयु तोक्ने तथा प्रदुषण र दुर्घटनाको प्रमूख कारण पुराना सवारी नै हो भनी ठहर गर्नु अवैज्ञानिक विषय हो, जसले हजारौं मजदुर र रोजगार वर्गलाई प्रभावित बनाएको छ,' स्वरोजगार यातायात मजदुर सङ्गठनका अध्यक्ष खड्ग गिरीले भने । उनले सबै साधन सञ्चालन नहुँदा करिब १० हजार मजदूरले रोजगारी गुमाउने र त्यसबाट आश्रित झण्डै ५० हजार व्यक्ति प्रभावित हुने बताएका हुन् । विदेशबाट फर्किएका अधिकाशं व्यक्तिले सोही व्यवसायमा आश्रित भएर परिवार पालेको र कतिपयले बैंकबाट ऋण लिएर सेकेन्ड ह्यान्ड गाडी चलाएकाले सरकारले निर्मम तरिका अपनाउन नहुने व्यवसायीको भनाई छ । हरेक निर्णय गर्ने तर, कार्यान्वयनमा ल्याउन नसक्ने सरकारको प्रवृत्ति २० वर्षे प्रावधानमा पनि देखिएको छ । तरपनि, सरकारले गम्भीरतापूर्वक आफ्ना निर्णय लागू गराउने प्रतिबद्धता गरेको पाइँदैन ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०६४/०५/२३ मा दर्ता भएको **प्रा.लि.नं. ४८०१७** को **अनमोल इन्टरनेशनल विजनेश प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०३/१३ मा दर्ता भएको **प्रा.लि. नं. १२७२३९/०७१/०७२** को **थ्रि सिक्स्टी इन्टेरियर प्रा.लि.**को मिति २०७९/११/२५ गतेमा सम्पन्न विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटर: मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगाना : अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**

Bhojpur Municipality
Office of Municipal Executive
Bhojpur
Invitation for Bids
First date of Publication: 2079/12/24
Bhojpur Municipality, Office of Municipal Executive, Bhojpur invites electronic bids from Nepalese eligible bidders for the Procurement of Gabion Wire Fabrication of Gabion Boxes including rolling cutting weaving and supply to site under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Work | Bid Document Fee NRs | Bid security amount NRs | Last date of Bid Submission | Bid validity period | Bidding Process |
|---|---|---|---|---|---|---|---|
| 1 | Bhjmun/P/SQ/11/2079/80 | Gabion Wire Fabrication of Gabion Boxes including rolling cutting weaving and supply to site | 1,000.00 | 40,500.00 | 12:00 hrs on 2080/01/10 | 45 days | Only E-Bid |

A complete set of Bidding Documents may be downloaded from PPMO's website by eligible Bidders and must be submitted Electronically through www.bolpatra.gov.np/egp.
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijjya Bank
Name of Office: Bhojpur Municipality, Office of Municipal Executive
Office Account No: 2040100301010002
Information to deposit the bid security in Bank:
Bank Name: Rastriya Banijya Bank
Bank Address: Bhojpur, Nepal
Account Number: 2040100303000002
If the last date of purchasing and /or submission falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. The Municipality office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever. Matters not covered by this notice shall be in accordance with Bid document, public procurement act and regulation (Latest amendment).
Chief Administrative Officer
Bhojpur Municipality

# एकैदिन ठूलो संख्यामा नक्कली परीक्षार्थी पक्राउ



**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत

हाल सञ्चालन भइरहेको एसईई परीक्षामा एकै दिन ठूलो सख्यामा नक्कली परीक्षार्थी पक्राउ परेका छन् । मोरङमा एकैदिन १ सय ९९ जना नक्कली परीक्षार्थी फेला परेका हुन् । जिल्लाको ग्रामथान गाउँपालिका २ झोराहाटको श्री सरस्वति नमुना माध्यामिक विद्यालय परीक्षा केन्द्रपछि थप दुई विद्यालयबाट पनि एसईई दिइरहेका नक्कली परीक्षार्थी पक्राउ परेका हुन् ।

सार्वजनिक मावि केराबारीबाट १२७ र जनता मावि सुन्दर हरैचाबाट २० जना नक्कली परीक्षार्थी पक्राउ परेका छन् । बिहीबार बिहान मात्रै सरस्वति माविबाट ५२ नक्कली परीक्षार्थी पक्राउ परेका थिए । मोरङको तीन वटा परीक्षा केन्द्रबाट एकैदिन ठूलो संख्यामा नक्कली परीक्षार्थी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । बिहीबार सामाजिक विषयको भएको थियो ।

**सबै पेपर रद्द**

यसैबीच फर्जी परीक्षार्थीले दिएका सबै विषयको परीक्षा रद्द गरिएको छ । पक्राउ परेका नक्कली परीक्षार्थीहरूले दिएको परीक्षा रद्द गरिने जिल्ला शिक्षा समन्वय इकाइ मोरङले जनाएको छ । जिल्ला शिक्षा समन्वय इकाई मोरङका प्रमुख टंक गौतमका अनुसार पक्राउ परेका नक्कली परीक्षार्थीहरूले बिहीबारसम्म दिएका पाँच वटा विषयको परीक्षा रद्द गरिनेछ । बिहीबारसम्म नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयको परीक्षा भएको छ ।

सार्वजनिक मावि केराबारी १ सय २७, जनता मावि सुन्दरहरैंचाबाट २० जना नक्कली परीक्षार्थी पक्राउ परेका थिए । मोरङमा ७ वटा विद्यालयमा खुल्ला विद्यार्थीका लागि परीक्षा केन्द्र तोकिएको छ । जसमा १ हजार ३२ विद्यार्थी सहभागी छन् । बिहीबार भएको परीक्षामा २ नक्कली विद्यार्थी भने फरार भएका छन् । परीक्षा शुरु भएको एक घण्टापछि शौचालय जान भन्दै निस्केका विद्यार्थी विद्यालयको कम्पाउन्ड वाल नाघेर भागेका थिए ।

# कोशी प्रदेशको नाम पहिचानकै आधारमा राख्न दबाब

**काठमाडौं / मस**-नेकपा (माओवादी केन्द्र) निकट जनवर्गीय संगठनहरूले पहिचानको आधारमा कोशी प्रदेशको नामकरण गर्न माग गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ज्ञापनपत्र बुझाएका छन् । किराती राष्ट्रिय मुक्ति मोर्चा, लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चालगायतका जातीय संगठनका पदाधिकारीसहितको प्रतिनिधिमण्डलले बालुवाटार पुगेर प्रधानमन्त्री 'प्रचण्ड'लाई ज्ञापनपत्र बुझाएका हुन् ।



प्रदेशको नाम कोशी भएपछि उत्पन्न परिस्थितको तत्काल वार्ताबाट हल गर्न र आन्दोलनको क्रममा निधन भएकाको परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न पनि उनीहरुले माग गरेका छन् । यसअघि माओवादी केन्द्रले कोशी प्रदेशको नाम पहिचानमा आधारमा राखिनुपर्ने अडान रहेको बताएको थियो । माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराले कोशी नाम राखिएपछि आन्दोलन भइरहेको र माओवादीको धारणा के हो भन्नेजस्ता प्रश्न उठेकोले पार्टी पहिचानकै पक्षमा रहेको बताएका थिए । बुधबारको पदाधिकारी बैठकपछि पत्रकारहरूसँगको कुराकानीमा उपाध्यक्ष महराले पहिचानकै पक्षमा त्यतिखेर अडान राख्नुपर्नेमा कमजोरी भएको बताएका थिए । अहिले पनि आफूहरु हामी पहिचानकै पक्षमा रहेको र सो कुरा प्रदेश कमिटीमा राख्ने उनले जानकारी दिएका थिए ।

# कोरोना सक्रिय संक्रमितको संख्या साढे ३ सय नाघ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत

केहि दिनअघि शुन्यमा पुगेको कोरोना संक्रमण फेरि एकाएक ह्वातै बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ८४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । मन्त्रालयका अनुसार विहीबार १ हजार ४०२ नमूना परीक्षण गरिएकामा २७२ पीसीआर परीक्षणमा ६३ जना र १ हजार १३० जनाको एन्टिजेन परीक्षण गर्दा २२ जना गरी ८४ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।यस्तै कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या ३५८ जना पुगेको छ। काठमाडौं उपत्यकामा १९ जना कोरोना संक्रमित देखा परेका छन् ।

मन्त्रालयका अनुसार हाल संस्थागत आइसोलेसनमा १७ जना छन् भने आईसीयूमा ४ जना र भेन्टिलेटरमा एकजना कोरोनाका बिरामी उपचाररत छन् ।

'बुस्टर डोज' लगाउने न्यून

सुदूरपश्चिम प्रदेशमा कोरोनाविरुद्धको बुस्टर डोज लगाउने संख्या न्यून रहेको छ । प्रदेशमा कोरोनाविरुद्धको खोपको पूर्ण मात्रा लगाउनेभन्दा बुस्टर डोज लगाउनेको संख्या आधा कम हो ।

प्रदेशका नौवटै जिल्लामा गरी हालसम्म कूल २२ लाख ३३ हजार आठ सय ३१ जनाले कोरोनाविरुद्धको खोपको पूर्ण मात्रा लगाएका छन् । तेस्रो तथा बुस्टर डोजको पहिलो मात्रा लगाउने संख्या दश लाख १५ हजार ३७ रहेको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका कोभिड-१९ सम्पर्क व्यक्ति हेमराज जोशीले जानकारी दिए । कैलालीमा सात लाख ३२ हजार सात सय ८९ जनाले पूर्ण मात्रा लगाएकामा तीन लाख ८६ हजार एक सय ८८ जनाले मात्रै बुस्टर डोज लगाएका छन् । कञ्चनपुरमा चार लाख ३९ हजार एक सय ६८ जनाले पूर्ण र एक लाख ९९ हजार आठ सय ५७ जनाले बुस्टर डोज लगाएको निर्देशनालयले जनाएका छन् ।

# कार्यव्यवस्था परामर्श समिति गठन



**काठमाडौं / मस**-प्रतिनिधि सभाको कार्य व्यवस्था परामर्श समिति गठन भएको छ । बिहीबारको बैठकमा सभामुख देवराज घिमिरेले समितिमा रहने सदस्यहरूको नाम घोषणा गरेका हुन् । जसअनुसार समितिमा अजयकुमार चौरसिया, अनिता देवी, गंगाराम चौधरी, जीवन परियार, तारा लामा तामाङ, नागिना यादव, पदम गिरी, प्रदीप यादव, महेशकुमार बर्तौला, मेटमणि चौधरी र रमेश लेखक रहेका छन् । त्यस्तै रामप्रकाश चौधरी, रामहरि खतिवडा, रुपा सो.शी. (चौधरी), लीलानाथ श्रेष्ठ, विद्या भट्टराई, सन्तोष परियार, सरिता प्रसाईं, हितराज पाण्डे र ज्ञानबहादुर शाही रहेका छन् ।

# पैसा बिच्छ्याएर भिडियो पोष्ट गर्ने व्यक्तिलाई सचेत गराइयो

**काठमाडौं / मस**-ओछ्यानमा पैसाको नोटमाथि सुत्नेर टिकटक बनाई भिडियो पोष्ट गर्ने व्यक्तिलाई सचेत गराएर छाडिएको छ ।

नेपाल राष्ट्र बैंकले यस विषयमा चासो व्यक्ति गरेको समाचार प्रकाशन पश्चात सो सम्बन्धमा खोजी अभियानमा लागेको जिल्ला प्रहरी परिसरले यसरी भिडियो बनाउने व्यक्ति महोत्तरी जिल्ला बर्दिबास-१ स्थायी घर भई हाल ललितपुरको महालक्ष्मी नगरपालिका-५ टिकाथली बस्ने सुलभ आचार्य रहेको जानकारी दिएको छ ।

उनले केहीअघि एक हजार र पाँच सय दरका नोटहरू ओछ्यानमा राखी भिडियो बनाएर सार्वजनिक गरेका थिए । उनीसँग सोधपुछ गर्दा अध्ययनका लागि विदेश जाने क्रममा कलेज फि बुझाउन बैंकबाट निकालिदएको पैसा रमाइलोका लागि खाटमा बिछ्याएर भिडियो बनाएको बताएको परिसरले जनाएको छ ।

उनको बयानका आधारमा अनुसन्धान गर्दा उक्त रकम एभरेष्ट बैंकबाट निकालेको देखिएकोले अब उप्रान्त यस्ता प्रकारका गतिविधि नगर्ने सर्तमा निजलाई निगरानीमा रहने गरी सचेत गराई छाडिएको परिसरका प्रहरी नायब उपरीक्षक भुवनेश्वर साहले बताए ।


## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१२/२४**

**ए जर्नी म्यान ओभरसिज प्रा.लि.** को मिति २०७९/०९/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जेनेक्स एसोसिएट्स प्रा.लि. (प्रा.लि.नं.: ३४८९१)** साथै यस प्रा.लि.को मिति २०७९/११/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला, का.म.न.पा.–९ कायम गर्ने गरी मिति २०७९/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## VACANCY ANNOUNCEMENT

**A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-**

MARKETING OFFICER : 1 (M/F)

PRO : 2 (M/F)

SALARY Negotiable

**Requirement:** -Pro 3/4 yrs experienced
**- Marketing officer 5 yrs experienced**
- Smart communication skill
- Driving license is compulsory

**Send us your CV:**
E-mail : document.tgra@yahoo.com

01-4965983
01-4965264
980-8169971

Govt. Lic. No.: 1253/074/075

**THE GLOBAL RECRUITMENT AGENCY PVT. LTD.**

महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल


## Kohalpur Municipality
### Office of the municipal Executive
**Kohalpur,Banke**
**Lumbini Province,Nepal**

### Letter of Intent for financial proposal open

**Date: 2079-12-24**

This is to notify that, it is our intention to inform the date of opening financial proposal of the contract contract invitation of bid no BANKE/KOMUN/W/NCB-18/079/080, published on 2079/10/25 in "Madhyanha Daily" Newspaper & website of the Kohalpur Municipality Website www.kohalpurmun.gov.np, to the following Bidders who are here by selected in Technical propasal.

| Contract Identification No. | Name of Work | Name and address of Firms | Financial Proposal Opening time and Date |
|---|---|---|---|
| BANKE/KOMUN/W/NCB-18/2079/080 | Infrastructure Construction to reduce accidents in School areas (Shutter Block and Toilet BlockConstruction works at Ram Ma.Vi. Kohalpur-14, Banke | Contour Infra Pvt.Ltd. Karkando,Nepalgunj | 2080/01/03 Sunday at 1:00pm |
| | | Nagarik Energy Development company pvt.ltd. Barbardiya-09,Bardiya | |
| | | Jenisha Nirman Sewa sewa & suppliers Sharada Municipality-03,Salyan | |
| | | B.L.N. Construction P.Ltd.Baijanath-02,Banke | |
| | | Parbati Nirman sewa Dunai-01,Dolpa | |
| | | Bhattarai-Purna JV Kohalpur-04,Banke | |
| | | Shubha Aashirbad-Jay Ganesh JV Kohalpur, Banke | |
| | | Om Rishi-Regmi JV Kohalpur-05,Banke | |
| | | KB Gurung-KTS JV Bhaktapur | |

**Chief Administrative Officer**

## मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**मुसिकोट, रुकुम(पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### वोलपत्र स्विकृत गर्ने आशयको सुचना

**मिति : २०७९/१२/२४**

उपरोक्त सम्वन्धमा यस कार्यालयवाट तपसिल वमोजिमका सडक निर्माण स्तरोन्नति सम्वन्धि मिति २०७९/१०/२६ गते प्रकाशित सूचना वमोजिम दर्ता हुन आएका वोलपत्रहरु मुल्यांकन हुंदा तपसिल वमोजिमको वोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) वमोजिम न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई मिति २०७९/१२/२३ गतेको वोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार स्विकृतिका लागि छनौट भई सिफारिश भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कामको विवरण | वोलपत्र संख्या | वोलपत्रदाता | वोल कवोल रकम (मू.अ. कर वाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1. | Upgrading of Rampachha – Khalchaur – Kharchiba-ng Road | NCB/MM/Ruk.w/W.06_079/080 | M/S Kumar Construction Sewa, Khalanga 03, Rukum | 23,65,465.60 | 52.26 % Less |
| 2. | Upgrading of Ratapahar – Bhalakcha– Jhulkhet Road | NCB/MM/Ruk.w/W.07_079/080 | M/S Chhtreswori – Qubit JV, Shreemarg, Lazimpat | 26,09,056.00 | 39.27 % Less |

**प्रमुख प्रशासकिय अधिकृत**




मध्यान्ह
www.madhyanhadaily.com

२४ चैत २०७९, शुक्रबार
7 April 2023, Friday

सम्पादकीय

## मनोविज्ञान नबदलिनुको संकट

जारी माध्यामिक शिक्षा परीक्षा (एसईई) मा नक्कली परीर्क्षी बनेर परीक्षा दिने दुई सय बढीलाई मोरङबाट पक्राउ गरिएको छ। मोरङका विभिन्न परीक्षा केन्द्रमा अर्काको नाममा परीक्षा दिनेहरूलाई पक्राउ गरिएको हो। नक्कली परीक्षार्थी दिएको परीक्षा समेत रद्ध गर्ने निर्णय सार्वजनिक भएको छ। मुलुकका अन्य परीक्षा केन्द्रहरूमा पनि नक्कली परीक्षाबारे समाचार सार्वजनिक भइरहेका छन्। सार्वजनिक भिडियोहरूमा देखिएको दृष्यमा नक्कली परीक्षार्थी मात्रै नभएर चिटिङ गराउन प्रयास गर्नेहरूलाई प्रहरीले खेदिरहेको समेत देखिन्छ। यसले एसईईबारे आमनागरिकको बुझाइ र त्यसमा देखिने समस्या अझै हल हुन नसकेको प्रमाणित हुन्छ। एसईई हुनु भन्दा अगाडि एसएलसी परीक्षा हुँदा पनि यस्ता प्रवृत्ति देखिने गरेको थियो। अर्काको नाममा नक्कली परीक्षार्थी बन्ने, चिटिङ गराउने पक्राउ गर्ने अनि त्यसले शैक्षिक गुणस्तरमा ल्याउने चिन्ता निकै पुरानो हो।

यस्तो प्रवृत्ति बदल्न सरकारले एसएलसी प्रणाली नै बदल्यो। प्रतिशतका आधारमा उत्तीर्ण हुने प्रणाली बदलेर समेस्टेर प्रणाली लागू भयो। सेमेस्टेर प्रणाली अनुसार परीक्षा चल्न थालेको समेत केही वर्ष भइसक्यो। तर अझैपनि एसएलसीकालीन मनोविज्ञान बदलिन सकेको छैन। एसईईलाई सामाजिक प्रतिष्ठाकै विषय बनाउने मनोविज्ञानले विकृति कायम छ। जबकी सेमेस्टेर प्रणालीमा विद्यार्थीलाई तुलनात्मक बढी सुविधा दिइएको छ। कुनै विषयमा कमजोर भएकै कारण उच्च शिक्षा हासिल गर्न रोकिने अवस्था छैन। तर उही पुरानै मनोविज्ञान कायम रहँदा एईई अहिले पनि मनोवैज्ञानिक आतंकको परीक्षा बनिरहेको छ।

यस्तो मनोविज्ञान बदलेर कुनैपनि परीक्षा विशेषले मात्रै कसैको भविष्य र उत्कृष्ठता निर्धारण गर्दैन भन्ने बुझाउन सकिएको छैन। मानव जीवनको सफलता कुनैपनि व्यक्तिको मेहनत र संघर्षबाट संभव भएकाले कुनै परीक्षा विशेषलाई मानक बनाइन हुन्न भन्ने शिक्षाशास्त्रीहरूको एउटा निष्कर्ष हो। संसारका कयौं सफल व्यक्तिको उदाहरणले पनि कुनै परीक्षा विशेषले मात्रै उसको क्षमता आँकलन हुँदैन भन्ने प्रमाणित विषय हो। तरपनि प्राप्ताङ्कलाई मात्रै आधार मानेर मूल्यांकलन गर्ने सामाजिक प्रवृत्तिले गर्दा अहिले पनि एसईईकै कारण कोही पक्राउ पर्ने र कसैले जीवन नै गुमाउने निर्णयसम्म पुग्ने गरेको देखिन्छ। यस्तो प्रवृत्ति बदल्न सरकारी निकायको मात्रै नभई हामी सबैको सामाजिक उत्तरदायित्व समेत हो।

# राष्ट्रिय मुद्दामा आम सहमति

अग्रलेख



● विष्णु पन्त

नेपाली राजनीतिको केन्द्रमा सधैं नै सत्ता र भागवण्डा मात्रै बनिरह्यो। जबकी हाम्रो चिन्तनको मुख्य उद्देश्य विचार, आदर्श र मूल्यमान्यता हुनुपर्दथ्यो। हाम्रो राजनीति उल्टो दिशामा गयो। हाम्रो राजनीतिले समाजमा विभाजन, विकृति र निराशा मात्र उत्पन्न गऱ्यो। राज्यको भूमिकालाई हामीले समाजमा स्थापित गर्न सकेनौ। देशको बारेमा चिन्ता गर्ने हो भने हाम्रा अगाडि थुप्रै प्रश्नहरु खडा हुन्छन्। आजका मुख्य समस्याहरु र चुनौतिहरु के हुन्? न्यूनतम राष्ट्रिय मुद्दाहरुमा के हामी आम सहमति गर्न सक्दैनौ? के राष्ट्रिय मुद्दाहरुमा मूलधारकै दलहरु र नेताहरुबीच बहस गरे हुँदैन? आज जे-जसरी मुलुक चलिरहेको छ, यसले हामीलाई सोंच्न बाध्य बनाइरहेको छ, के हामीले देश र जनता अनि हाम्रो भावी पुस्तालाई आधार बनाएर सोंच्नु पर्दैन? यहाँ हाम्रा आधारभूत मुद्दालाई ध्यान दिए केही लेख्ने प्रयास गरिएको छ।



### भ्रष्टाचार अन्त्यको बहस

आजको मुख्य समस्या भनेकै भ्रष्टाचार हो। भ्रष्टाचारको नियन्त्रण गर्ने दायित्व राज्यको हो। भ्रष्टाचारलाई राष्ट्रिय अपराधका रूपमा विश्लेषण गर्नुपर्दछ। राज्यले सहजै आम नागरिकको सम्पत्तिलाई अभिलेख गर्न सक्छ। मेरो वा कुनैपनि नागरिकको कति सम्पत्ति छ भन्ने कुरा पारदर्शी ढंगले अभिलेख गर्न सकिन्छ। भ्रष्टाचारलाई एउटा अपराधको रूपमा राज्यले उपचार नगर्ने हो भने भ्रष्टाचार संस्थागत बन्छ। तर, भ्रष्टाचारहरुमाथि कारबाहीको विषयलाई राजनीतिक दाउपेचका रूपमा प्रयोग गर्ने गरिएको छ। आज भ्रष्टहरु पुरस्कृत जस्तो र इमानदारहरु दण्डीत जस्तो भएका छन्। आज सर्वत्र सहज पैसा (इजी मनी), कालो धन वा अकुत मुनाफातिर मान्छेको ध्यान केन्द्रीत भएको छ। करिब शून्य लगानीमा मान्छेहरु करोडौं र अरबौं परियोजनाका मालिक बनेका छन्।

कर्मचारीतन्त्रमा हेर्ने हो भने तलबले खानै मुश्किल हुन्छ तर, करोडौं पर्ने घर जग्गा जोड्न कर्मचारी सफल छन्। राजनीतिमा त झनै बेहाल छ। केही सिमित मान्छेहरु रातारात नवधनाड्य वर्गमा परिणत भएका छन्। यो व्यवस्थाले मान्छेहरुलाई दलाल र भ्रष्ट बन्न प्रोत्साहित गरिरहेको छ। यदि यो संस्कृतिलाई अन्त्य गर्न सकिएन भने बाँच्नकै लागि पनि मान्छे विदेश जान बाध्य छ। भ्रष्ट, दलाल, तस्कर, कालोबजारीया र माफियाहरु बाहेक अरु बाँच्न नसक्ने अवस्था बनेको छ।

देशका लागि सोंच्ने हो भने भ्रष्टाचारको अन्त्यको लागि प्रभावकारी काम गर्न आवश्यक छ। बरु आजसम्मका घटनालाई छानबिन गर्दा धेरै उथलपुथल हुन्छ भने आगामी दिनमा नियन्त्रण गर्ने गरी कानुन बनाउने गरी छलफल गर्न आवश्यक छ। २०४७ पछिका सार्वजनिक पद वा व्यक्तिहरुको सम्पत्ति छानबिन गर्ने प्रश्न उठेको छ तर, यदि त्यो सकिँदैन भने कम्तीमा २०८० पछि त नियन्त्रण गर्ने कानून बनाए पनि धेरै राम्रो हुनेछ। भ्रष्टाचारको मुद्दामा अदालतले पनि धेरै बाधा वा अवरोध उत्पन्न गरेको छ। त्यसकारण यो विषयमा आम सहमतिको जरुरी छ। भ्रष्टाचारलाई गम्भीर अपराधको रूपमा व्याख्या गरौं।

### सुशासनको प्रतिबद्धता

वास्तवमा सुशासनको बहस केवल सरकारी गोष्ठी र सेमिनारहरुमा मात्र हुने गर्छ। सुशासन भनेको जनताको शासन अनि प्रशासन हो। राजनीति र कर्मचारीतन्त्रलाई सेवामूलक वा स्वयंसेवी बनाउन आवश्यक छ। विधि, पद्धतिको आधारमा पारदर्शी ढंगले चल्ने व्यवस्था हामीलाई चाहिएको हो। प्रधानमन्त्री, मन्त्री र शक्तिशाली कर्मचारीको हातमा बजेट दिने वर्तमान प्रणालीको अन्त्य गर्नैपर्छ। नेता जन्माउने जिल्ला र क्षेत्रलाई भाग्यमानी ठान्ने हाम्रो प्रणाली धेरै पुरानो र लज्जास्पद भएन र? परिवर्तनका मुद्दाहरु बहस खोइ? जबसम्म कानुनको शासन हुँदैन तबसम्म लोकतन्त्रको अर्थ रहँदैन। कानून पनि सबैका लागि समान हुनुपर्छ।

*आजका मुख्य समस्या र चुनौतिहरू के हुन्? के अहिलेकै अवस्थाले हामीलाई अगाडि लैजान सक्छ? आज जे-जसरी मुलुक चलिरहेको छ, यसले हामीलाई सोंच्न बाध्य बनाएको छ। के हामीले देश र जनता अनि हाम्रो भावी पुस्तालाई आधार बनाएर सोंच्नु पर्दैन? न्यूनतम राष्ट्रिय मुद्दाहरूमा के हामी आम सहमति गरेर जानु पर्दैन?*

कानूनले सबैभन्दा पहिले राज्यका उच्चपदस्थ व्यक्तिहरुलाई निगरानी गर्नुपर्छ। प्रधानमन्त्री, मन्त्री, राष्ट्रपति, सभामुख, प्रधानमन्यायधिशहरु सबैभन्दा पहिलो कानूनको कठघरामा उभिन सक्नुपर्छ। अन्यथा, त्यो लोकतन्त्र हुन सक्दैन।

हाम्रोमा कानूनी राज्य भनेको जनतालाई उत्पीडन गर्ने साधन मात्रै बन्यो। पारदर्शीता त केवल शब्दकोषमा मात्र सिमित भयो। जनउत्तरदायी शासन वा प्रशासनको विकासमा हामी धेरै पछाडि छौं। हाम्रो कर्मचारी भर्ना प्रक्रिया वा लोकसेवा परीक्षा प्रणाली धेरै पुरानो र परम्परागत बन्यो। देशका प्रतिभा, क्षमता, बौद्धिकताहरुलाई केन्द्रीकरण गर्ने परीक्षा प्रणालीको विकास गर्नुपऱ्यो। कर्मचारीलाई २०/३० वर्ष स्थायी होइन ५/१० वर्ष स्थायी गर्नुपर्छ। पाँच वर्ष पछि पुनः प्रतिस्पर्धा गर्नुपर्ने प्रणाली हामीलाई चाहिन्छ। एक पटक उत्तीर्ण हुनासाथ आजीवन सफल मान्ने प्रणालीलाई बदल्न जरुरी छ। सरकारी सेवामा धेरै व्यक्तिलाई अवसर दिने नीति राज्यले बनाउनुपर्छ।

### राजनीतिक स्थिरताको खोजी

राजनीतिक अस्थिरता त हाम्रो पहिचान जस्तै बन्यो। हाम्रो आवश्यकता राजनीतिक स्थिरता हो भने संसदलाई सरकार बनाउने वा ढाल्ने अधिकार दिनु हुँदैन। हाम्रो देशलाई चाहिएको त सिजिनपिङ वा भलाद्मीर पुटिन हो। देशको विकास गर्ने प्रधानमन्त्री वा राष्ट्रपति शासन हामीलाई चाहिएको छ। हाम्रो मुख्य समस्या वैदेशिक हस्तक्षेप पनि हो। वैदेशिक हस्तक्षेपलाई कम गर्न पनि प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री चाहिन्छ।

राजनीतिक स्थिरताका लागि किन बहस हुँदैनन् होला? यसको कारण एउटै छ कि विदेशीहरु राजनीतिक अस्थिरता चाहन्छन्। चीन मात्र एउटा यस्तो देश हो जसले नेपालमा राजनीतिक स्थिरता चाहन्छ। संसदीय व्यवस्था र वैदेशिक स्वार्थ नै हाम्रो राजनीतिक स्थिरताका मुख्य बाधक तत्व हुन्। कम्तीमा पाँच वर्ष चल्ने जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री आजको आवश्यकता हो।

### अर्थतन्त्रको संरचनामाथि बहस

हामीले सधैं परनिर्भर अर्थतन्त्रको बाटो समात्यौं। हामीले हाम्रा युवा र विद्यार्थीहरुलाई विदेश पठाउने बाटो अंगाल्यौं। रेमिट्यान्सबाट देश चलाउने हाम्रो दृष्टिकोणको समीक्षा हुन धेरै ढिला भयो। हाम्रो बजेट धेरै बाटोमा खर्च भयो। आत्मनिर्भर अर्थतन्त्रका लागि हामीले सबैभन्दा ठूलो जोड कृषि र उद्योगमा हुनुपर्दछ। कृषिमा जथाभावी लगानी गर्नु पनि हुँदैन। सरकारको दायित्व उत्पादनमा र वितरणमा देखिनु पऱ्यो। उत्पादनमा आवश्यक अनुदान वा लोन दिने अनि उत्पादित सामानलाई सरकारले नै किन्ने ग्यारेन्टी गर्नु पऱ्यो। एउटा पैंचो पसल प्रा.ली.ले त यो काम गर्न सक्छ भने सरकारले गर्न सक्दैन त? प्रदेश र स्थानीय सरकारलाई उत्पादनमुखी सरकार बनाऔं न। सरकारी कर्मचारी र शिक्षकलाई पनि उत्पादनलाई लगाऔं न। राजनीतिकर्मी, युवा सबैको सहभागितामा उत्पादनमा जोड दिन सके हामी आत्मनिर्भर बन्न सक्छौं। कोरिया र इजरायलले जस्तै सरकारले तबल दिएर युवाहरुलाई काममा लगाउन सकिँदैन? उद्योगहरुलाई खोल्ने तर्फ हामीले जोड दिनुपर्छ। नेपालको विशिष्टताअनुसारका उद्योगहरु खोल्न सकिन्छ। नेपालमा जडिबुटीसम्बन्धी उद्योगहरुको प्रचुर सम्भावना छ।

### रोजगारी प्रवर्द्धन कार्यक्रम

युवाहरुलाई देशमै केही गर्ने वातावरण बनाउनैपर्छ। आज गाउँ तथा शहरहरु युवाविहीन बन्दैछन्। विदेश पलायन आजको गम्भीर र कहाली लाग्दो समस्या बनेको छ। मुख्य दुईवटा समस्याले हाम्रो समाजलाई गाँजेको छ : देशभित्र बेरोजगारी अनि विकल्पमा विदेश पलायन। श्रम गर्ने संस्कृतिको अन्त्य भएको छ। विदेशमा जे पनि गर्न सक्ने तर, देशभित्र नगर्ने समस्या पनि छ। विदेशमा काम वा श्रम गरेपछि पैसा आउँछ तर, यहाँ आउँदैन। काम गरेपछि तलब वा आम्दानी हुने ग्यारेन्टी गर्ने जिम्मा राज्यको हुनुपर्छ। राज्यको लगानी त्यसमा हुनुपर्छ। तर, त्यसतर्फ राज्यको भूमिका गएको देखिन्छ। तथापी, अहिले यो विषयको हल नखोजी हामीलाई सुखै छैन।

### अन्त्यमा,

देशको भविष्यको बारेमा सोंच्ने हो भने केही विषयमा आम राष्ट्रिय सहमति खोज्न आवश्यक छ। भ्रष्टाचारको अन्त्य, सुशासन, राजनीतिक स्थिरता, रोजगारी प्रवर्द्धन र आत्मनिर्भर अर्थतन्त्रमाथि राष्ट्रि बहस भइ सहमति हुन आवश्यक छ। राजनीतिको अस्थिरतालाई हल गर्नुसँगै स्थायी प्रकृतिको राज्य संयन्त्रको बारेमा पनि सोंच्न आवश्यक छ। अब स्थायी सरकारमा आम परिवर्तन आवश्यक छ। जबसम्म स्थायी सरकारलाई समयानुकुल बनाउन सकिँदैन तबसम्म हामीले चाहेको परिवर्तन पाउन सकिँदैन।

***(लेखक नेपाल कम्युनिष्ट पार्टीका नेता हुन्।)***

## सामाजिक सञ्जाल



**- नीलाम्बर आचार्य**

नयाँ काम कुरा गर्छु भनेर शुरू गरेपछि झ्याउलो मानेर जसले बीचैमा छाडेका छैनन्, तिनीहरू जीवनमा माथि उठेका छन् र सफल भएका छन्। शुरू गर्नुअघि सोच शुरू गरिसकेपछि लगनसाथ त्यसमा लाग, उत्साह सेलाउन नदेऊ। नबिर्स, कुनै पनि कामले केही न केही त्याग खोज्दछ।



**- शान्ताराज सुवेदी**

निजामती सेवालाई जनमैत्री र काम/सेवाप्रति समर्पित बनाउन समग्र निजामती कर्मचारीको आचरण, व्यवहार र कार्यशैलीमा व्यापक सुधारको खाँचो छ नकि नाम परिवर्तनको। त्यसैले नाम परिवर्तन गरेर यसको छवि चम्किन्छ भन्नु भ्रम मात्रै हो। 'निजामती' नाम परिवर्तन गर्नुपर्ने आवश्यकता पनि देखिन्न।



**- भानुप्रसाद आचार्य**

राजनीतिले धेरै अपजस पाउनुमा समानुपातिक निर्वाचन प्रणाली पनि एउटा कारण हो। अहिलेनै यो प्रणाली खारेज गर्न दलहरु सहमत नहोलान् तर, पहिलो चरणमा बन्द सूचीको आधारलाई मानेर ११० बाट ४४ मा झार्ने गरी दलभित्र र बाहिर दलहरुले बहस चलाऊन सुचबुझ राखे राजनीति सुधार्न सहयोग पुग्ला !



**- सेतेमान तामाङ**

देश बनाउन हरेक मन्त्रालयका सचीव र शाखाका सहसचिवहरु, विभागीय प्रमुखहरु, संवैधानिक निकायका पदाधिकारीहरु र न्यूनतम पाँच वर्ष स्थायी सरकार भयो भने कसैले रोकेर पनि देशको विकास रोक्न सक्दैन। नभए उहीँ दुई/चार जना गफाडीले आफू सत्तामा पुग्न अनेक भ्रम फैलाउन बनाएको षडयन्त्र मात्रै हुनेछ।

# उपेक्षामा पर्यटन क्षेत्र

विचार



● खगेन्द्र पौडेल

*कोरोना महामारीसँगै पर्यटन क्षेत्र निकै समस्यामा पुग्यो। थुप्रै व्यवसायी यो क्षेत्रबाट विस्थापित भए। आज महामारी कम हुँदै गर्दा यो क्षेत्र पुनः लयमा फर्किने संकेतहरु देखा परेका छन्। तर, पुनः लयमा फर्किने संकेत देखा परिरहँदा सरकारले भने यसलाई उचित ध्यान दिएको छैन। सरकारले यो क्षेत्रमा उभार भर्ने गरी कार्यक्रम बनाउन खोजेको देखिन्न।*

पछिल्लो समय नेपाल घुम्न आउने विदेशी पर्यटकको संख्यामा उल्लेख्य सुधार देखिएको छ। नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार सन् २०२३ को पहिलो तीन महिनामा अर्थात् मार्च मसान्तसम्ममा मात्रै कुल दुई लाख २७ हजार ७५५ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जुन गत वर्ष २०२२ को सोही अवधिको तुलनामा १८९ प्रतिशतले बढी हो। २०२२ को पहिलो तीन महिनामा अर्थात् मार्चसम्म ७८ हजार ७४७ जना मात्रै विदेशी पर्यटक नेपाल आएका थिए। साथै, २०२१ को पहिलो तीन महिनामा ३२ हजार ९९७ जना विदेशी पर्यटन आएका थिए।

बोर्डले सार्वजनिक गरेको यो तथ्यांक हवाई मार्गबाट आएका विदेशीको संख्या हो। तर, दक्षिणी तथा उत्तरी सिमा क्षेत्र हुँदै भित्रिएका पर्यटकको तथ्यांक भने बोर्डसँग छैन। नेपालमा भारतीय पर्यटकहरु सिमा क्षेत्र हुँदै स्थलगत मार्गबाट वर्षेनी ठूलो संख्यामा आउने गर्दछन्। भारतीय पर्यटकको हिस्सा समग्र संख्यामा आधाजसो समेत हुने गरेको छ। चाडपर्वको समयमा भारतीय पर्यटकको आगमन अन्यको तुलनामा निकै ठूलो संख्यामा हुने गरेको पाइन्छ।

सन् २०१९ को अन्त्यसँगै विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीका कारण नेपालमा पर्यटन आगमन निकै प्रभावित भएको थियो। महामारीकै कारण सरकारले आयोजना गरेको 'नेपाल भ्रमण वर्ष २०२०' समेत स्थगित भएको थियो। कोरोना महामारीकै कारण पछिल्लो तीन वर्ष (२०२०, २०२१ र २०२२) नेपालमा पर्यटन आगमन निकै प्रभावित बन्यो। तर, कोरोना महामारी कम हुँदै गर्दा नेपालमा पर्यटनको आगमन क्रमशः बढ्न थालेको छ। पछिल्लो तथ्यांकलाई हेर्दा, हाम्रो पर्यटन क्षेत्र लयमा फर्किंदैछ।

नेपालको सन्दर्भमा पर्यटन उद्योगले सामाजिक, आर्थिक, सांस्कृतिक, मनोविज्ञानिकजस्ता बहुआयामिक क्षेत्रमा प्रभाव पार्ने गरेको देखिन्छ। जिडिपिमा महत्वपूर्ण योगदान गर्ने यो क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्षमा रूपमा ठूलो रोजगारी पनि सिर्जना गरेको पाइन्छ। वर्तमान अवस्थालाई हेर्दा, विदेशी मुद्रा आर्जन र शोधानान्तर घाटापूर्तिमा यस उद्योगको भूमिका निकै महत्वपूर्ण हुनसक्छ।


नेपाल पर्यटनको हिसाबले निकै सम्भावना भएको मुलुक हो। हाम्रा प्राकृतिक छटाहरु मात्रै होइन, हाम्रा सांस्कृतिक सभ्यता पनि पर्यटनका निम्ति आर्कषणका स्रोत हुन्। विविधताले भरिएको यो मुलुकलाई पर्यटनको विकासबाट पनि धेरै अगाडि लैजान सकिन्छ। यो क्षेत्रलाई सही ढंगले विकास गर्न सके बेरोजगारीको समस्या मात्रै होइन आर्थिक संकटको पनि समाधान गर्न सकिन्छ।

तर, बिडम्बना राज्यको कार्यक्रम पर्यटनमैत्री देखिन्न। राज्यले पर्यटन क्षेत्रलाई त्यति ध्यान दिएको छैन। कोरोना महामारी कम भएसँगै नेपालमा पर्यटन क्षेत्र क्रमशः लयमा फर्किन खोज्दा सरकारले मूलभूतरूपमा सहयोगका कार्यक्रम बनाएको छैन। सरकारले यो क्षेत्रमा उभार ल्याउनेगरी कुनै कार्यक्रम बनाउन सकेको देखिन्न। जबसम्म नीतिगतरूपमै सरकारले पर्यटन क्षेत्रलाई अगाडि बढाउने कार्यक्रम बनाउँदैन तबसम्म यो क्षेत्रको विकास सहज छैन।

कोरोना महामारीसँगै थुप्रै पर्यटन व्यवसायी विस्थापित हुने अवस्थामा पुगे। कतिपय व्यवसायी निकै संकटमा पनि छ। उनीहरुको व्यवसायलाई लयमा फर्काउन सरकारको तर्फबाट सहयोग अनिवार्य छ। सरकारले व्यवसायीअनुसार सहुलीयतपूर्ण ऋण, पुनर्कर्जाको व्यवस्था गरिदिन आवश्यक छ। आज कतिपय व्यवसायी बैंकको किस्ता तिर्न नसकेर आफ्नो व्यवसाय बन्द गर्ने अवस्थामा पनि छन्। उनीहरुको समस्यालाई सम्बोधन नगरी पुनः व्यवसायमा फर्काउने अवस्था छैन। यसतर्फ पनि सरकारले छिट्टै ध्यान दिन आवश्यक छ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ। जिद्दी गर्नु हुँदैन। |
| वृष | : | पुरानो कार्य बन्ने योग छ। अनावश्यक कार्यमा समय लगाउनु हुँदैन। |
| मिथुन | : | रुकावटहरु समाप्त हुनेछन्। आयमा वृद्धि हुनेछ। |
| कर्कट | : | मुद्दासम्बन्धी समस्याको योग छ। यात्रा सफल हुनेछ। |
| सिंह | : | मांगलिक कार्य हुने र पद वृद्धिको योग छ। |
| कन्या | : | स्वास्थ्य राम्रो रहनेछ। व्यापारको लागि समय शुभ छ। |
| तुला | : | नाता-गोता सित भेटघाट हुनेछ। चिन्ताको योग छ। |
| वृश्चिक | : | वाणी संयम राख्नुहोला। पारिवारिक उल्झन रहनेछ। |
| धनु | : | आयमा वृद्धि हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ। |
| मकर | : | अनावश्यक विवाद हुने योग छ। पैतृक धनलाभ हुनेछ। |
| कुम्भ | : | धार्मिक कार्यमा रुची बढ्नेछ। घरेलू जीवन सुखमय रहन्छ। |
| मीन | : | प्रियजनसँग भेट हुनेछ। विस्तारै सफलता प्राप्त हुनेछ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# एनआरएनए कतारद्वारा पञ्जीकृत सदस्यता आवेदनसम्बन्धी अन्तरक्रिया

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ चैत

